# पुथा उत्तरगंगा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## तकसेरा, रुकुम पूर्व

लुम्बिनी प्रदेश, नेपाल

**कोभिड-१९ सम्बन्धी दैनिक अद्यावधिक विवरण**

**२०७८।०१।३१ गते शुक्रबार, दिउँसो ०१:०० बजे।**

- हालसम्मको अद्यावधिक विवरण अनुसार पुथा उत्तरगंगा गाउँपालिकामा जम्मा २२ जनाको एन्टिजिन विधिमार्फत कोरोना परीक्षण गर्दा कोभिड-१९ संक्रमितको संख्या २ जना रहेको छ। जसमध्ये १ जना २६ वर्षिय पुरुष घरमै सेल्फ आईसोलेसनमा हुनुहुन्छ भने १ जना १५ वर्षिय पुरुषको गाउँपालिकाको कोभिड-१९ अस्थायी उपचार केन्द्र तकसेरामा उपचार भईरहेको छ। हाल उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको छ।

- गाउँपालिकाको वडा नं १२ क्युवाङ र वडा नं १४ जामाबगरमा हेल्थ डेस्क स्थापना गरी बाहिरिने र भित्रिने व्यक्तिहरुको स्वास्थ्य अवस्थाको जानकारी लिने, कन्ट्र्याक्ट ट्रेसिङ गर्ने तथा निगरानी गर्ने कार्य भईरहेको छ।

- गाउँपालिकाले वडा नं १२ कोलस्थित श्री पर्वत माविमा २० बेड क्षमताको आईसोलेसन केन्द्र, वडा नं १० स्थित श्री महेन्द्र माविमा २० बेड क्षमताको क्वारेन्टिन एवम् आईसोलेसन केन्द्र र वडा नं १० स्थित गाउँपालिकाको सभाहलमा २० बेडको उपचार केन्द्र निर्माण गरेको छ जसमा १० बेड अक्सिजनसहित तयारी अवस्थामा रहेका छन्।

- गाउँपालिकामा भित्रिने व्यक्तिहरुलाई व्यवस्थापन गर्न प्रत्येक वडाहरुमा कम्तीमा १० बेड क्षमताको क्वारेन्टिन निर्माण गर्ने कार्य भईरहेको छ। यसैगरी प्रत्येक वडाहरुमा सम्भावित जोखिमहरुको न्युनिकरण गर्न स्वास्थ्यकर्मीहरुलाई तयारी अवस्थामा राखिएको छ।

हाल कोभिड-१९ को दोस्रो लहर भयावहरुपमा फैलिरहेकोले सम्पूर्ण पुथा उत्तरगंगा गाउँपालिका निवासी दाजुभाई तथा दिदीबहिनीहरुलाई सचेत रहन आग्रह गर्दछौं। अनिवार्य मास्कको प्रयोग गर्ने, बेला बेलामा साबुनपानीले हात धुने र जनस्वास्थ्यका नियमहरुको पूर्णरुपमा पालना गर्नाले कोभिड-१९ को संक्रमणबाट बच्न सकिन्छ, सतर्क रहौं। हामी तपाईहरुको लागि बाहिर छौं, कृपया तपाईहरुपनि आफ्नै लागि घरभित्र बसिदिनुहोस्।

१।३१

वशिष्ट नारायण यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

वशिष्ट नारायण यादव
नि.प्रमुख प्रशासकीय अधिकृत